# प्रदेश सरकार
# पर्यटन, वन तथा वातावरण मन्त्रालय
# पर्यटन कार्यालय धरान
## कोशी प्रदेश, सुनसरी

बिषयः- आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८१ मङ्सिर १४ गते)

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सामुदायिक होमस्टे प्रवर्द्धनात्मक सहयोग कार्यक्रम अन्तर्गत यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने जिल्लाहरुमा संचालित सामुदायिक होमस्टेहरुलाई होमस्टे संचालनको लागि आवश्यक पर्ने सामाग्रीहरु वितरण गरिने कार्यक्रम रहेको हुँदा इच्छुक सामुदायिक होमस्टेहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवेदन प्रस्ताव पेश गर्नहुनु सूचित गरिन्छ।

शर्तहरुः-

१. प्रस्तावसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
   - होमस्टे दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
   - करचुक्ता प्रमाणपत्र प्रतिलिपी,
   - होमस्टे संचालनमा रहि रहेको भनी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
   - अनुमानित विवरण सहितको आवश्यक सामाग्रीहरुको विवरण,
   - चालु आ.व. मा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट सोही प्रकृतिको सहयोग नलिएको भनी संचालक समितिको निर्णय सहितको स्वघोषण,

२. तोकिएको म्यादभित्र रीतपूर्वक दर्ता भएका प्रस्तावहरु मध्येबाट प्रदेशको पर्यटन प्रवर्द्धनमा सम्बन्धित होमस्टेले पुऱ्याएको योगदान र माग गरिएका सामानको औचित्य र बजार मुल्यको विश्लेषण गरी मुल्यांकन समितिले सामुदायिक होमस्टेहरुको छनौट गर्नेछ।

३. छनौट भएका सामुदायिक होमस्टेलाई उक्त होमस्टेमा आवद्ध भएका कुल सदस्य संख्याको आधारमा अधिकतम रु. २,५०,०००/- (अक्षरुपी दुइ लाख पचास हजार मात्र) सम्मको सामाग्रीहरु उपलब्ध गराइने छ।

४. छनौट भएका सामुदायिक होमस्टेहरुले कार्यालयले उपलब्ध गराउने सामाग्रीहरुको ढुवानीको व्यवस्थापन आफै गर्नुपर्ने छ।

५. गत आ.व. मा यस कार्यालयबाट यस प्रकारको सहयोग सामाग्री प्राप्त नगरेका सामुदायिक होमस्टेलाई प्राथमिकता दिइने छ।

६. आवेदन प्रस्तावको ढाँचा यस कार्यालयको वेभसाइटबाट डाउनलोड गरी वा यस कार्यालमा सम्पर्क गरी प्राप्त गर्न सकिने छ।

थप जानकारीको लागिः- सम्पर्क नं. ०२५-५३५०१३, ९८६२६२६१६९

०८१/०८/१४

कार्यालय प्रमुख